## परिच्छेद-११
## दण्ड जरिवाना

१२). नियमको पालना नगरेमा देहाय बमोजिम दण्ड जरिवाना हुनेछ ।

१) पार्किङ्ग तोकिएको स्थानमा गर्नु प्रत्येक नागरिकको कर्तव्य हुनेछ

२) नो पार्किङ्ग स्थलमा पार्किङ्ग गरेमा तोकिए बमोजिम जरीवाना हुनेछ ।

३) अनुमति नदिएको वा निषेधित क्षेत्रमा गाडी चलाएमा तोकिए बमोजिम जरीवाना हुनेछ ।

४) पार्किङ्ग क्षेत्रको भौतिक संरचना तोडफोड गरेमा सम्बन्धित तोडफोड गर्ने पक्षले मर्मत सम्भार समेत गर्नु पर्नेछ ।

५) बसपार्क भित्र लामो र छोटो दुरीको बस तथा मिनिबसको हकमा तोकेको समय भन्दा बढी पार्किङ्ग गरेमा प्रतिदिन वढीमा रु ५००। जरीवाना गरिनेछ ।

६) बसपार्कमा साना चारपाङग्रे र तिनपाङग्रेको हकमा तोकेको समय भन्दा बढी पार्किङ्ग गरेमा प्रतिदिन वढीमा रु.२००। जरीवाना गरिनेछ ।

७) बसपार्क भित्र गाडी मर्मत सम्भार गरेमा प्रति पटक बढीमा रु.५००। जरीमाना गरिनेछ ।

८) बसपार्क भित्रका भौतिक संरचना तोडफोड र स्वीकृति विना निर्माण वा सामाग्री भण्डारण जस्ता कार्य गरेमा क्षतिपुर्ति भएको विगो बमोजिम विगो असुल गरि प्रतिपटक बढीमा रु १०००। जरीवाना गरिने छ ।

**स्पष्टिकरण :** उपरोक्त अनुसारको जरिवानामा राजश्व परामर्श समितिले सिफारिस गरे बमोजिम हुनेछ ।

## परिच्छेद-१२
## विविध

१३) निर्देशिका संसोधन सम्बन्धि व्यवस्थाः-निर्देशिका संशोधन गर्नु पर्ने आवश्यक भएमा नगर कार्यपालिकाले निर्णय गरि आवश्यक संसोधन गर्न सक्नेछ ।

आज्ञाले
हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत



# स्थानीय राजपत्र
## भीमदत्त नगरपालिकाद्वारा प्रकाशित

सुदूरपश्चिम प्रदेश, महेन्द्रनगर,कञ्चनपुर मंसिर २५ गते मंगलवार,२०७५ साल संख्या :३१

भाग–३

## सवारी साधन पार्किङ्ग व्यवस्थापन निर्देशिका, २०७५

प्रस्तावना :

भीमदत्त नगरपालिकाको मुख्य शहरी क्षेत्रमा सार्वजनिक तथा निजी सवारी साधनहरुको पार्किङ्गलाई व्यवस्थित गर्न अति आवश्यक भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम भीमदत्त नगरपालिका, नगरकार्यपालिकाले यो निर्देशिका बनाई लागु गरेकोछ ।

## परिच्छेद :- १

## प्रारम्भ

१) संक्षिप्त नाम र प्रारम्भ :

(१) यो निर्देशिकाको नाम "सवारी साधन पार्किङ्ग व्यवस्थापन निर्देशिका २०७५" रहेकोछ ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ ।

२)परिभाषा :

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) "ऐन"भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले भीमदत्त नगरपालिकालाई सम्झनु पर्दछ

(ग) "कार्यपालिका" भन्नाले भीमदत्त नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "सभा" भन्नाले नगरपालिकाको सभालाई सम्झनु पर्दछ ।

(च) "प्रमुख" भन्नाले नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(छ) "उप प्रमुख" भन्नाले नगरपालिकाको उप प्रमुखलाई सम्झनु पर्दछ ।

(ज) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नगरपालिका कार्यालयको कर्मचारीको प्रमुख अधिकृतको रुपमा कामकाज गर्न खटाईएको अधिकृतलाई सम्झनु पर्दछ ।

(झ) "वडा अध्यक्ष" भन्नाले तत् वडाबाट निर्बाचित वडा अध्यक्ष सम्झनु पर्दछ ।



३) बसपार्क भित्र स्वीकृति विना आफु खुसी निर्माण र सामाग्री भण्डारण जस्ता कार्य गर्न पाईने छैन ।

४) बसपार्क भित्र गाडीहरुमा कुनै किसिमको मर्मत, सम्भार गर्न पाउने छैन ।

## परिच्छेद-९

## बसपार्क भित्र सुरक्षा र सचेतना प्रवर्द्धनका कार्यहरु

१०) बसपार्क भित्रको सुरक्षा र सचेतना प्रवर्द्धनका लागि देहाय बमोजिमका कार्यहरु गर्न सकिनेछ ।

१) बसपार्क भित्रको सुरक्षाका लागि जिल्ला प्रहरी संग समन्वय गरि निश्चत स्थानमा प्रहरी विट राख्न सकिनेछ ।

२) यात्रुहरु स्वयं सुरक्षित हुनका लागि यात्रा सम्बन्धि नागरिक सचेतना गर्न निश्चित स्थानमा नागरिक सूचना केन्द्र सरोकारवाला (संघ, संस्था, निकाय) संगको सहकार्यमा संचालन गरिनेछ ।

३) बसपार्क भित्र यात्रुको सचेनाका लागि सन्देशमूलक सूचना होर्डिङ्ग बोर्ड, वाल पेन्टीङ्ग आदि नगरपालिकाको अनुमति लिएर मात्र राख्न पाउनेछ ।

४) यात्रुका गुनासाहरुको जानकारी बसपार्क भित्रको प्रहरी विटले सुनुवाई गरी आवश्यक कार्य गर्नु पर्नेछ ।

## परिच्छेद-१०

## पार्किङ्ग व्यवस्थापनका लागि आर्थिक व्यवस्था

११) पार्किङ्ग व्यवस्थापनको लागि आर्थिक व्यवस्था देहाय बमोजिम हुनेछ

१) पार्किङ्ग स्थल ठेक्का र पार्किङ्ग स्थलका पसल (सटर) वहालबाट प्राप्त हुने रकम ।

२) नगरपालिकाले विनियोजन गरेको रकम

३) वार्षिक योजना बमोजिम कार्यपालिकाको निर्णय बमोजिम तोकेको बजेट बाट आवश्यक मर्मत सम्भार नगरपालिकाको नियम अनुसार गरिनेछ ।

४) पार्किङ्ग स्थलबाट संकलित रकम नगरपालिकाको कोषमा जम्मा हुनेछ ।

६) पार्किङ्ग क्षेत्रको सुरक्षाका लागि तोकिएका स्थानमा चौकिदार, सिसिटिभी क्यामेरा, फुलवारीका लागि माली आदि लगायतको व्यवस्थाका लागि पहल गर्ने ।

## परिच्छेद-७

## बसपार्क भित्र गाडी पार्किङ्ग व्यवस्था

८) बसपार्क भित्र गाडी पार्किङ्ग देहाय बमोजिम गर्नु पर्नेछ ।

१) बसर्पाक भित्र सार्वजनिक यातायातका सवारी साधनहरु बस, मिनि बस, चारपाङग्रे साना गाडी तथा तिनपांग्रे सवारी साधन पार्किङ्ग गर्न पाईनेछ ।

२) वसपार्कमा लामो दुरीका गाडीहरु विशेष अवस्था बाहेक २४ घण्टा सम्म पार्किङ्ग गर्न पाईनेछ ।

३) छोटो दुरीका गाडीहरु विशेष अवस्था बाहेक ६ घण्टा सम्म पार्किङ्ग गर्न पाउनेछ ।

४) बसपार्कमा ठुला बस, मिनिबसका साथै सम्झौता बमोजिम जीप, कार, हाईस, विगर, मेजिक, टेम्पो (तिनपाङग्रे) र ईलेक्ट्रोनिक रिक्साले ३ घण्टा सम्मका लागि शुल्क तिरी पार्किङ्ग गर्न सकिने छ ।

**स्पस्टिकरण :**

१) छोटो दुरीका गाडीहरुमा कैलाली, कंचनपुर, नेपालगन्ज सम्म सञ्चालन हुने गाडीहरुलाई जनाउनेछ ।

२) लामो दुरीका गाडीहरुमा कैलाली, कंचनपुर, नेपालगन्ज बाहेकका रात्री सेवा सञ्चालन हुनेलाई जनाउनेछ ।

३) विशेष अवस्थामा भन्नाले बन्द, हडताल, प्रकोप तथा विपद् भएको समयलाई जनाउनेछ ।

## परिच्छेद-८

## बसपार्क भित्र गर्न नपाईने कार्यहरु

९) वसपार्क भित्र देहायका कार्यहरु गर्न पाईने छैन ।

१) कानुन बमोजिम निषेधित गरिएका क्रियाकलापहरु गर्न पाईनेछैन

२) बसपार्क भित्र निर्माण गरिएका भौतिक संरचनाहरु तोडफोड र जथाभावी फोहर गर्न पाईने छैन ।



(ञ) "बसपार्क" भन्नाले भीमदत्त नगरपालिकाको स्वामित्वमा रहेको वसपार्कलाई जनाउनेछ ।

(ट) "गाडी" भन्नाले बसपार्कमा भित्र पार्किङ्ग गर्ने चारपाङग्रे सार्वजनिक सवारी साधन अर्थात बसलाई जनाउनेछ ।

(ठ) "पार्किङ्ग" भन्नाले नगरपालिकाले तोकेको स्थान तथा क्षेत्रमा निजी र सार्वजनिक सवारी साधन पार्क गर्ने स्थानलाई जनाउनेछ ।

(ड) "समिति" भन्नाले नगर कार्यपालिकाबाट गठित पूर्वाधार विकास समितिलाई सम्झनु पर्नेछ ।

(ढ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(ण) "नगरक्षेत्र" भन्नाले भीमदत्त नगरपालिका क्षेत्रलाई जनाउनेछ ।

## परिच्छेद-२

## नगर क्षेत्रको पार्किङ्ग क्षेत्र तथा स्थानको व्यवस्था

३) नगर क्षेत्रमा पार्किङ्ग व्यवस्था देहाय बमोजिम हुनेछ ।

१) पूर्वाधार विकास समितिको सिफारिसमा नगर कार्यपालिकाले पार्किङ्ग स्थल तोके बमोजिम हुने छ ।

२) नगर कार्यपालिकाले नो पार्किङ्ग क्षेत्र तोक्न सक्नेछ । यस्ता क्षेत्रमा पार्किङ्ग गर्न पाईने छैन ।

३) मूख्य बजार क्षेत्रमा ठुला सवारी साधन र ढुवानीका साधनहरु चल्न (गुड्न) पाउने समय तथा रुट तोक्न सक्नेछ ।

४) बसपार्क भित्रको पार्किङ्ग व्यवस्थापन यसै निर्देशिकामा तोकिए बमोजिम हुनेछ ।

५) नगरको पार्किङ्ग व्यवस्थापनलाई प्रभावकारी बनाउन सहकार्य तथा सहयोगका लागि जिल्ला ट्राफिक प्रहरी कार्यालय संग समन्वय गरिनेछ ।

## परिच्छेद-३

## तोकिएका पार्किङ्ग क्षेत्र तथा स्थानको संचालन तथा व्यवस्थापन

४) नगरपालिकाले तोकेका पार्किङ्ग क्षेत्र र स्थानको संचालन तथा व्यवस्थापन देहाय बमोजिम हुनेछ ।

१) नगरपालिकाले तोकेका पार्किङ्ग स्थलको सूचना र साईनिङ्ग बोर्ड लगायतका माध्यमबाट सरोकारवाला र सर्वसाधारणलाई जानकारी गराउने व्यवस्था गर्नेछ ।

२) पार्किङ्गका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछ ।

३) तोकिएका पार्किङ्ग क्षेत्रको सरसफाई र सुरक्षाको व्यवस्था तोकिए बमोजिम हुनेछ ।

४) पार्किङ्ग क्षेत्र तथा स्थानलाई निजी सार्वजनिक साझेदारीमा र स्वयं नगरपालिकाले पनि संचालन गर्न सक्नेछ ।

५) पार्किङ्ग क्षेत्र तथा स्थानको शुल्क राजश्व परामर्श समितिले तोके बमोजिम हुनेछ ।

६) पार्किङ्ग क्षेत्र तथा स्थानको सम्झौता अवधि तोकिए वमोजिम हुनेछ ।

## परिच्छेद-४
## निर्देशन समिति

५) नगरपालिकाले पार्किङ्गको व्यवस्थापनका लागि आवश्यक निर्देशन दिई नीतिगत रुपमा सहयोग पुर्‍याउन का लागि देहाय वमोजिम पार्किङ्ग निर्देशन समिति हुनेछ ।

१) नगर उपप्रमुख
अध्यक्ष

२) जिल्ला ट्राफिक कार्यालय प्रमूख
सदस्य

३) जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि
सदस्य

४) यातायात व्यवस्था कार्यालयको प्रतिनिधि
सदस्य

५) वडा प्रहरी कार्यालयको प्रतिनिधि
सदस्य

६) नगरपालिकाको पूर्वाधार विकास समिति संयोजक
सदस्य

७) नगर प्रमूखले तोकेको यातायात व्यवसायीहरुको प्रतिनिधि १ जना
सदस्य



८) नगर प्रमुखले तोकेको मजदुर संघ संगठनको प्रतिनिधि १ जना
सदस्य

९) शहरी पूर्वाधार विकास शाखा प्रमुख
सदस्य सचिव

## परिच्छेद-५
## निर्देशन समितिको काम कर्तव्य र अधिकार

६) निर्देशन समितिको काम कर्तव्य तथा अधिकार निम्नानुसार हुनेछ

१) नगरको यातायातमा पार्किङ्गलाई व्यवस्थापन गर्न पूर्वाधार विकास समितिको कार्यमा आवश्यक सहजिकरण र सहयोग पुर्‍याउने ।

२) पार्किङ्गका विषयमा भौतिक पूर्वाधार विकास समितिको कार्ययोजनालाई स्वीकृत दिने ।

३) नगरको पार्किङ्ग क्षेत्रको आवश्यक अनुगमन निरीक्षण गर्ने ।

४) आवश्यकता अनुसार अन्य कार्य गर्ने गराउने ।

## परिच्छेद-६
## पार्किङ्ग व्यवस्थापन सम्बन्धि पूर्वाधार विकास समितिको काम कर्तव्यहरु

७) पार्किङ्ग व्यवस्थापनका लागि पूर्वाधार विकास समितिका काम कर्तव्यहरु देहाय वमोजिम हुनेछन ।

१) पार्किङ्ग क्षेत्र र सोमा निर्माण भएका संरचना (सटरहरु) ठेक्का लिएको व्यक्ति वा संस्थाको कार्य के कसरी भैरहेकोछ सोको नियमित जानकारी लिने ।

२) पार्किङ्ग स्थान सञ्चालनको जिम्मा लिएको पक्षले सम्झौता बमोजिम कार्य गरे नगरेको अनुगमन र सहजिकरण गर्ने ।

३) पार्किङ्ग क्षेत्र भित्र यस निर्देशिकामा तोकेका कार्यहरु गर्ने गराउने र नगरपालिकामा जानकारी गराउने ।

४) पार्किङ्ग क्षेत्रमा देखिएका समस्या समाधानका लागि सरोकारवाला सहितको छलफल अर्न्तक्रिया गर्ने ।

५) पार्किङ्ग सम्बन्धि नगर कार्यपालिकाबाट भएका निर्णयहरु कार्यान्वयन गराउने ।